मिति : २०८०/१०/०५, कापा बैठक संख्या:१८-०८०/८१

## बैठक नं. १८

आज मिति २०८० साल माघ ५ गते शुक्रबार यस कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षतामा तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसि निम्न प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहान ठिक ८.०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | सुकमाया | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री सागर गौतम | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | अधिकृत छैठौं |
| १७ | | श्री सुवोध ज्ञवाली | इन्जिनियर |
| १८ | | श्री नगेन्द्र मल्ल | कम्प्युटर अपरेटर |
| १९ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| २० | | श्री लक्ष्मी चौधरी थारू | कार्यालय सहयोगी |

प्रमाणित
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
२०७३

**प्रस्तावहरु**

१८.१. कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा

१८.२. स्थानीय विपद् व्यवस्थापन विधेयक, २०८० सम्बन्धमा

१८.३. आ.व. २०८०/८१ को प्रथम अर्धवार्षिक आम्दानी खर्चको विवरण प्रस्तुती एवं अनुमोदन सम्बन्धमा

१८.४. आ.व. २०८०/८१ को वार्षिक योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा

१८.५. विविध

**निर्णयहरू**

**१८.१. कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,**

यस चालु आ.व. २०८०/८१ को पौष मसान्तसम्म कार्यापालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्था र प्रगति विवरण सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिका समक्ष जानकारी भई सो सम्बन्धमा सम्पूर्ण कार्यपालिका सदस्यहरूबाट व्यापक रूपमा छलफल तथा समीक्षा भयो। कार्यान्वयनका क्रममा देखिएका समस्याहरूलाई क्रमशः सुधार गर्दै लैजाने ।

**१८.२. स्थानीय विपद् व्यवस्थापन विधेयक, २०८० सम्बन्धमा**

विपद् व्यवस्थापन समिति मार्फत तयार भई पेश भएको कञ्चन गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन विधेयक, २०८० को प्रारम्भिक मस्यौदा माथि बैठकमा छलफल भयो । उक्त विधेयक बैठकबाट स्वीकृत गरी विधायन समिति मार्फत आगामी गाउँसभामा पेश गर्ने ।

**१८.३. आ.व. २०८०/८१ को प्रथम अर्धवार्षिक आम्दानी खर्चको विवरण प्रस्तुती एवं अनुमोदन सम्बन्धमा**

आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमहरूको प्रथम अर्धवार्षिक आम्दानी तथा खर्चको प्रगती विवरण बैठकमा व्यापक छलफल भयो । उक्त अर्धवार्षिक आम्दानी खर्चको विवरण बैठकबाट अनुमोदन गर्ने ।

**देहाय**

आयतर्फ

संघीय सरकार

| क्र.सं. | स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | ११६९००००० | ५८४५०००० | ५० |
| २ | शसर्त अनुदान चालु | २०९९००००० | १३७९४०००० | ६५.७२ |
| ३ | शसर्त अनुदान पुँजिगत | ३५००००० | २३१०००० | ६६ |
| ४ | विशेष अनुदान पुँजिगत | १००००००० | १५९१००० | १५.९१ |
| ५ | समपुरक अनुदान पुँजिगत | ५०००००० | ० | ० |
| जम्मा | | ३४५३००००० | २००२९१००० | ५८.००५ |

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति : २०८०/१०/०५, कार्य बैठक संख्याः१८-०८०/८१

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

| क्र.सं. | स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | ८५४४०००० | २१३६००० | २५ |
| २ | शसर्त अनुदान पुँजिगत | ७८५०००० | २५९९९२० | ३३.११ |
| ३ | समपुरक अनुदान पुँजिगत | १०००००० | ३२००००० | ३२ |
| जम्मा | | १०३२९०००० | ७९३५९२० | ३०.०७ |

राजस्व बाँडफाँड

| क्र.सं. | स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १ | संघिय सरकार | ८६९३५७०० | ३३१४०६०६.२५ | ३८.१२ |
| २ | प्रदेश सरकार | ३८६७०१७ | १६४६३३२.७२ | ४२.५७ |

आन्तरिक स्रोत

| क्र.सं. | स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १ | आन्तरिक श्रोत | १७५००००० | ११३६७६७४.१ | ६४.९५ |
| २ | अन्य विविध आम्दानी | | ४८७५६४०.८५ | |
| २ | मालपोत रजिष्ट्रेसन | ५०००००० | ० | ० |

व्यय तर्फ

| क्र.सं. | स्रोत | प्रतिशत |
|---|---|---|
| १ | चालु | ३५.७ |
| २ | पुँजिगत | १७.३ |
| जम्मा | | ३०.२७ |

१८.४. आ.व. २०८०/८१ को वार्षिक योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा

आ.वे. २०८०/८१ को वार्षिक योजना तथा कार्यक्रम संशोधनका लागि देहाय बमोजिमका योजना तथा कार्यक्रमहरू कार्यपालिका बैठकबाट अनुमोदन गरी आगामी १५ औं गाउँ सभाको बैठकमा स्वीकृती/अनुमोदनका लागि पेश गर्ने ।

नवराज ढकाल
गा.पा. अध्यक्ष

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कञ्चन-२, रुपन्देही लुम्बिनी प्रदेश नेपाल

प्रमाणित

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

१८.५. विविध

## १८.५.१. हलुका सवारी चालकहरूको सेवा सुविधा सम्बन्धमा

गाउँपालिकामा कार्यरत हलुका सवारी चालकहरू कार्यालय समयका अतिरिक्त, सार्वजनिक विदाका दिनमा समेत कार्यालयको कामकाजमा खटिनु पर्ने भएको हुँदा रूजु हाजिरी र लग बुकका आधारमा दैनिक रू.२०० का दरले २०८० माघ १ गतेदेखि लागू हुने गरी अतिरिक्त सुविधा उपलब्ध गराउने ।

## १८.५.२. दण्ड जरिवाना वापतको रकम भुक्तानी सम्बन्धमा

इलाका प्रहरी कार्यालय रूद्रपुर रूपन्देहीको च.नं. ३३५ मिति २०८० माघ १ गतेको पत्रबाट अवैध माटो उत्खनन वापत दण्ड जरिवाना स्वरूप दाखिला भएको रू.८५००० अक्षरूपी पचासी हजारको कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची १ को क्र.सं.२०७ बमोजिम प्राप्त रकमको २५ प्रतिशत रकम सुरक्षाकर्मीलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने व्यवस्था अनुरूप रू. २१२५० अक्षरूपी एक्काइस हजार दुइ सय पचास मात्र रकम इलाका प्रहरी कार्यालय रूद्रपुर रूपन्देहीलाई भुक्तानी दिने ।

## १८.५.३. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) सम्बन्धमा

कञ्चन गाउँपालिकाको आ.व. २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजामा जिल्ला समन्वय समिति रूपन्देहीबाट प्राप्त पृष्ठपोषणहरूलाई समेटी अन्तिम नतिजा देहाय बमोजिम कायम हुन आएको हुँदा उक्त नतिजालाई अनुमोदन गरी आगामी १५औं गाउँसभाको अधिवेशनमा पेश गर्ने र सूचकहरूको अध्ययन गरी आगामी दिनहरूमा ती सूचकहरू अनुरूपका गतिविधिहरू अगाडी बढाउने ।

**देहाय**

| क्र.सं. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्त अंकभार | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ८.५ | |
| २ | संगठन तथा प्रशासन | ८ | ५.२५ | |
| ३ | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ७ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ८.७५ | |
| ५ | सेवा प्रवाह | १६ | १३.५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | |
| ८ | भौतिक पूर्वाधार | १३ | ६ | |
| ९ | सामाजिक समावेशीकरण | १० | ७ | |
| १० | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५.५ | |
| ११ | सहकार्य र समन्वय | ६ | ४.७५ | |
| | जम्मा | १०० | ७३.२५ | |

कञ्चन गाउँपालिका

मिति : २०८०/१०/०५ कार्यपालिका बैठक संख्या: १८-०८०/८१

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८०/१०/८
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

## स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| | स्कोर प्रतिशत |
|---|---|
| शासकीय प्रबन्ध | ९४.४४% |
| संगठन तथा प्रशासन | ६५.६३% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ६३.६४% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७९.५५% |
| सेवा प्रवाह | ८४.३८% |
| न्यायिक कार्य सम्पादन | १००% |

